मितिः २०८० भाद्र १६ गते

**AMNESTY INTERNATIONAL**

**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

श्री संयोजकज्यू,
एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध सम्पूर्ण
समूह, युथ नेटवर्क र निर्माणाधीन समूहहरू,

**३२ औं साधारण सभासम्बन्धी सर्कुलर १**

**विषय : एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३२ औं साधारण सभाको मिति तथा साधारण सभामा सहभागिता सुनिश्चितताका लागि वैधानिक आवश्यकताहरू पूरा गर्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा मिति २०८० भाद्र १५ र १६ मा बसेको नेसनल बोर्ड बैठकले एम्नेस्टी इन्टरनेसल नेपाल शाखाको **३२ औं साधारण सभा मिति २०८० मंसिर १५ र १६ (१ र २ डिसेम्बर २०२३)** मा आयोजना गर्ने निर्णय गरेको व्यहोरा यहाँहरू सबैलाई यसैसाथ अनुरोध छ।

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) को दफा १३.६ को उपदफा ३ मा *"समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको साधारण सभा प्रत्येक वर्ष बस्नुपर्ने।"* भन्ने व्यवस्था रहेको यहाँहरूलाई निवेदन गर्दछु। एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा नियमावली, २०६२ (सन् २००५) को पाँचौं संशोधन २०७८ (सन् २०२१) को नियम नं ६ मा *"एम्नेस्टी नेपाल शाखाको वार्षिक साधारण सभा हुनुभन्दा दुई महिना अघिसम्म आफ्नो साधारणसभा सम्पन्न नगर्ने समूह वा निर्माणाधीन समूह र युथ नेटवर्क वा निर्माणाधीन युथ नेटवर्कबाट साधारण सभामा प्रतिनिधित्व हुने छैन।"* भन्ने व्यवस्था रहेको पनि स्मरण गराउन चाहन्छु।

सबै समूह र युथनेटवर्कहरूलाई विधानबमोजिम समूह, युथनेटवर्क र निर्माणाधीन समूहको वैधानिक हैसियत कायम गरी साधारण सभाको मिति र स्थानको बारेमा समूह तथा युथनेटवर्क सञ्चालनसम्बन्धी कार्यविधिअनुसार नेसनल बोर्डलाई info@amnestynepal.org र bipin@amnesty.org.np इमेल ठेगानामा १५ दिन अगावै जानकारी गराई नेसनल बोर्डले तोकेको प्रतिनिधिको रोहवरमा आ-आफ्नो साधारण सभा गर्न गराउन यस अघि मिति २०८० असार ४ गते नै पत्राचार गरिसकिएको यहाँहरूलाई स्मरण गराउन चाहन्छु। तसर्थ साधारण सभा सम्पन्न गर्न बाँकी रहेका सबै समूह, युथनेटवर्क र निर्माधिन समूहहरूलाई आ-आफ्नो विधानसम्मत वैधानिक हैसियत कायम गरी नेसनल बोर्डले तोकेको प्रतिनिधिको उपस्थितिमा साधारण सभा सम्पन्न गरी सोकोबारेमा उल्लिखित इमेलमार्फत जानकारी गर्न गराउन यसै साथ निर्देश गरिन्छ।

**मिति २०८० मंसिर १५ र १६ मा आयोजना हुने एम्नेस्टी नेपाल शाखाको बत्तीसौं साधारण सभामा सहभागिताका लागि समूह, युथनेटवर्क र निर्माणाधीन समूहहरूले यही मिति २०८० असोज १५ गते सोमबार (२ अक्टोबर २०२३) भित्र अनिवार्य रूपमा आफ्नो साधारण सभा सम्पन्न गरेको हुनुपर्नेछ।** तसर्थ उक्त समयावधिभित्र सम्पूर्ण समूह, युथेनटवर्क र निर्माणाधीन समूहहरूलाई विधानमा उल्लिखित व्यवस्था पूरा गरी एम्नेस्टी नेपाल शाखाको ३२ औं साधारण सभाको निर्णय प्रकृयाहरूमा सहगभागिता सुनिश्चित गर्नका लागि यथाशीघ्र तोकिएबमोजिम साधारण सभा सम्पन्न गर्न गराउन अनुरोध छ। नेसनल बोर्डलाई १५ दिन अगावै जानकारी गराउनुपर्ने व्यवस्थाअनुसार हालसम्म साधारण सभा सम्पन्न नगरेका समूह, युथेनटवर्क र निर्माणाधीन समूहहरूलाई साधारण सभा गरिसक्नुपर्ने अन्तिम मिति २०८० असोज १५ गते अगावैका लागि तय गरी सोको बारेमा नेसनल बोर्डलाई माथि उल्लिखित इमेलमार्फत यही **मिति २०८० भाद्र ३१ गतेभित्र** जानकारी गर्न गराउन यसैसाथ सूचित गरिन्छ।

धन्यवाद,

शचिता कुईंकेल
महासचिव, एम्नेस्टी इन्टरनेसनल नेपाल